# एजेन्सी (संशोधन र एकीकरण) नियमहरू, २०१९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०१९।१०।१५

नेपाल एजेन्सी ऐन, २०१४ अन्तर्गत समय समयमा बनी जारी भैराखेका नियमहरूलाई संशोधन र एकीकरण गर्नु वाञ्छनीय भएकोले सो ऐनको दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ :-

१. **संक्षिप्त नाम, र प्रारम्भ** : (१) यी नियमहरूको नाम "एजेन्सी (संशोधन र एकीकरण) नियमहरू, २०१९" रहेकोछ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा -

(क) "ऐन" भन्नाले नेपाल एजेन्सी ऐन, २०१४ सम्झनु पर्छ ।

(ख) "अनुसूची" भन्नाले यी नियमहरूको अनसूची सम्झनु पर्छ ।

३. **दरखास्तको ढाँचा** : एजेन्ट हुन चाहने व्यक्तिले एजेन्टमा आफ्नो नाम दर्ता गराउन ऐनको दफा ४ बमोजिम दरखास्त दिँदा अनुसूची १ बमोजिमको विवरण र ढाँचाको दरखास्त डाइरेक्टर कम कन्ट्रोलर नेपाल सरकार, वाणिज्य विभागमा दिनु पर्दछ ।

४. **दरखास्त र रजिष्ट्रेशन दस्तुर** : नियम ३ बमोजिम दरखास्त दिने व्यक्तिले दरखास्त साथ दरखास्त दस्तुर बापत ने. रु. ५।- पाँच र रजिष्ट्रेशन दस्तुर बापत ने.रु. १००।- एक सय रुपैयाँ दाखिल गर्नु पर्नेछ । एजेन्सी रजिष्टर नभएमा यस नियम बमोजिम रजिष्ट्रेशन दस्तुर बापत दाखिल भएको रुपैयाँ दरखास्तवालाले फिर्ता पाउनेछ तर दरखास्त दस्तुर वापत दाखिल भएको रुपैयाँ दरखास्तवालाले फिर्ता पाउने छैन ।

५. **रजिष्टर्ड एजेन्सीको अवधी, नवीकरण र दस्तुर** :(१) कुनै एजेन्सी जुन सालमा रजिष्टर भएको हो सो सालको चैत्र मसान्तसम्म बहाल रहनेछ । आफ्नो एजेन्सीको

नेपाल कानून आयोग

रजिष्ट्रेशन नवीकरण गर्न चाहने व्यक्तिले अवधी समाप्त हुन अगावै नियम ३ मा तोकिएको अधिकारी छेउ दरखास्त दिई त्यस्तो रजिष्ट्रेशन नवीकरण गराई लिनु पर्दछ।

तर, ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल सरकारबाट स्वीकृति लिइराखेका ऐजेन्सीहरूले ऐन प्रारम्भ भएको सालदेखि २०१९ सालसम्मको र ऐन प्रारम्भ भएपछि २०१८ साल चैत्र मसान्तसम्ममा रजिष्ट्रर भैराखेका ऐजेन्टहरूले जुन सालमा रजिष्ट्रर गराएको हो सो सालदेखि पछिको २०१९ सालसम्मको नवीकरण गर्न बाँकी प्रत्येक सालको उपनियम (२) मा लेखिएको दरले नवीकरण दस्तुर एकमुष्ट नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको म्यादभित्र बुझाएमा त्यस्ता ऐजेन्सीहरूको रजिष्ट्रेशन २०१९ साल चैत्र मसान्तसम्म बहाल रहने गरी नियम ३ मा तोकिएको अधिकारीले नवीकरण गरी त्यसको प्रमाणपत्र त्यस्ता एजेन्टलाई दिन सक्नेछ ।

(२) नवीकरणको निमित्त दरखास्त दिने व्यक्तिले नवीकरण दस्तुर बापत ने. रु. २०।- बीस रुपैयाँ दरखास्तसाथ बुझाउनु पर्नेछ तर दरखास्त दस्तुर भने पाउने छैन् ।

६. **<u>फाँटवारी पेश गर्नु पर्ने</u>** : यी नियमहरू प्रारम्भ भएपछि हरेक रजिष्टर्ड एजेन्टले आफूले गरेको कारोवारको अनुसुची-२ बमोजिम फाँटवारी प्रत्येक तीन तीन महिनामा नियम ३ मा तोकिएको अधिकारी छेउ पेश गर्नु पर्छ ।

७. **<u>ऐजेन्सी नामसारी गर्ने</u>** : (१) कुनै रजिष्ट्रर्ड एजेन्टबाट चलाइआएका एजेन्सीको काम आफ्नो नाममा नामसारी गरी लिन चाहने व्यक्तिले सो रजिष्टर्ड एजेन्टको र एजेन्सी दिने कम्पनीको मन्जूरीको लिखत साथै राखी नियम ३ मा तोकिएको अधिकारी छेउ दरखास्त दिनुपर्छ । दरखास्त साथै नामसारी दस्तुर ने. रु. २५ ।- पच्चीस दाखिल गर्नु पर्छ । दरखास्त दस्तुर भने लाग्ने छैन ।

(२) नामसारी नभएमा उपनियम (१) बमोजिम नामसारी दस्तुर बापत दाखिल भएको रुपैयाँ दरखास्तवालाले फिर्ता पाउनेछ ।

८. **<u>खारेजी</u>** : एजेन्सी दस्तुर नियम, २०१५ र एजेन्सी दस्तुर (प्रथम संशोधन) नियम, २०१८ खारेज गरिएकोछ ।

**<u>द्रष्टव्य</u>** : केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा “गजेट” को सट्टा “नेपाल राजपत्र” राखी रूपान्तर गरिएको छ ।

# अनुसुची-१

(नियम ३ सम्बन्धित)

श्री डाइरेक्टर कम कन्ट्रोलर,

वाणिज्य विभाग

नेपाल सरकार,

सिंहदरबार, नेपाल ।

महोदय,

म । हामीले फर्मसँग लिएको एजेन्सीको छोटकरी विवरण तल खुलाई सो फर्मको एजेन्ट भएको (सक्कल) नक्कल यसैसाथ पेश गरेको छु । (छौं) उक्त फर्मको एजेण्ट भै काम गर्दा शर्त वा भाउ फेरिएमा तुरुन्तै सूचना गर्नेछु (छौं) आफुले लिएको एजेन्सीका मालहरूको आएको, बिक्री भएको, मौज्दात रहेको तथा तिनको दर भाउको फाँटबारी तीन महिनामा तपाईं छेउ पेश गर्नेछु (छौं) माल बिक्री गर्दा आफूले पाएको कमिशन रिवेट र नेपाल सरकारबाट तोकिएको भन्दा बढी मुनाफा नलिई बिक्री गर्नेछु । (छौं) ।

फर्मसँग भएको एजेण्टको शर्त बमोजिम काम गर्न रजिष्टर्ड एजेण्टमा नाम दर्ता गराई पाउँ नेपाल कानुन बमोजिम कामकाज गर्नेछु । (छौं) ।

एजेन्सी दिने फर्मको नाम र ठेगाना

एजेन्सी पाएको मालको छोटकरी विवरण

एजेन्सीको इलाका

एजेन्सी वा एजेन्सीको ठेगाना

एजेण्ट वा एजेन्सीको धनी । धनीहरूको नाम

निवेदक

लेखात्मक सही

रेखात्मक सही

(दुवै हातको बूढी औंलाको)

(क) दायाँ

(ख) बायाँ

# अनुसुची-२

(नियम ६ सम्बन्धित)

श्री डाइरेक्टर कम कन्ट्रोलर
वाणिज्य विभाग
नेपाल सरकार,
सिंहदरबार, नेपाल ।

एजेण्ट वा एजेन्सीले दिनुपर्ने फाँटवारी फाराम

| माल आएको विवरण | परिमाण अथवा थान | बिक्री परिमाण अथवा थान | बाँकी परिमाण अथवा थान | खरीद मोल | | महसूल भाडा इत्यादी | | पर्ता मोल | | नाफा | बिक्री दर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भा.रु | ने.रु. | भा.रु | ने.रु. | भा.रु | ने.रु. | | भा.रु | ने.रु. | |
| | | | | | | | | | | | | | |

एजेन्सी दिने फर्मको नाम
ऐ ऐ को ठेगाना :
माथि लेखिए बमोजिमको विवरण ठीक छ फरक पारी लेखिएको ठहरे नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

सही :-
एजेण्ट वा एजेन्सीको पूरा नाम :-
ठेगाना :-
एजेन्सीको धनी, धनीहरूको नाम :-
ऐ.ऐ.ऐ.ठेगाना :

नेपाल कानून आयोग